अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः २८/०७७

अध्यक्षताः नगर प्रमुख श्री हरिकुमार राना

मितिः२०७८/०३/०४

उपस्थितिः

| | | |
|---|---|---|
| प्रमुख | श्री हरिकुमार राना | उपस्थित |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री खिनमान दास | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलमाया दास | उपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | उपस्थित |
| प्रमुख प्रशासकीय अधिकृत | श्री अम्बिकाप्रसाद चौलागाईँ | उपस्थित |
| अधिकृत छैठौँ | श्री चुडामणी निरौला | उपस्थित |
| सहायक चौथो | श्री सौजन कटुवाल | उपस्थित |

बैठक संख्या २६/२०७७/२०७८ अर्जुनधारा नगर कार्यपालिकाको बैठक मिति २०७८/०३/१०

मिति २०७८/०३/१० गते बसेको अर्जुनधारा नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिम निर्णयहरु गरियो ।

१. अर्जुनधारा नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ का लागि वार्षिक बजेट, नीति तथा कार्यक्रम बैठकमा प्राप्त सुझावहरुलाई समेटी स्वीकृत गर्ने र छलफलका लागि नगर सभाको नवौं अधिवेशनको पहिलो बैठकमा पेश गर्ने निर्णय गरियो ।

२. अर्जुनधारा नगरपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न गर्न बनेको विधेयक, २०७८ स्वीकृत गरी छलफलका लागि नगर सभाको नवौं अधिवेशनको पहिलो बैठकमा पेश गर्ने निर्णय गरियो ।

३. अर्जुनधारा नगरपालिकाको खर्च सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न विधेयक, २०७८ स्वीकृत गरी छलफलका लागि नगर सभाको नवौं अधिवेशनको पहिलो बैठकमा पेश गर्ने निर्णय गरियो ।

४. अर्जुनधारा नगरपालिकाको आगामी आर्थिक वर्ष २०७८/०७९ र आगामी तीन वर्षका लागि मध्यमकालिन खर्च संरचना स्वीकृत गर्ने निर्णय गरियो ।

५. अर्जुनधारा नगरपालिकाको सहकारी नियमावली, २०७८ स्वीकृति गरी लागू गर्ने निर्णय गरियो ।

६. अर्जुनधारा नगरपालिका वडा नं ८ शनिश्चरे बजार उत्तर खुदुनाबारी जाने सडकको क्षेत्राधिकारका सम्बन्धमा सम्मानित उच्च अदालतबाट फैसला भई जानकारी प्राप्त भएको र सडक कालोपत्रे गर्नका लागि बन्दोवस्त भएको ठेक्काको अवधि आषाढ मसान्त सम्म मात्र रहेकाले उक्त अवधिमा कार्य सम्पन्न गर्ने गरी सडक क्षेत्र खाली गर्नुपर्ने भएकाले उक्त सडकको क्षेत्राधिकार भित्र रहेका संरचनाहरु हटाई सडक क्षेत्र खाली गराउन सम्बन्धित सरोकारवालाहरुको नाममा १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

७. नगर कार्यपालिकाको कार्यालयमा चालु आर्थिक वर्ष २०७७/०७८ मा सञ्चालित योजनाहरुको बिल पेश, अनुगमन, फरफारख तथा भुक्तानी सम्बन्धि कार्यहरको अत्याधिक चाप रहेको र सबै वडाका सेवाग्राही एकसाथ उपस्थित हुँदा भिडभाड समेत बढेको र समयमा कार्यसम्पादन नभई सेवाग्राहीहरुलाई कठिनाई भइरहेकाले सोको व्यवस्थापनका लागि मिति २०७८/०३/१३ गतेबाट लागू हुने गरी उक्त कार्यहरुसँग सम्बन्धित कार्यका लागि जोर विजोर सेवा प्रवाह लागू गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

८. अर्जुनधारा नगरपालिका वडा नं १ स्थित श्री शङ्कराचार्य पीठ साधुटारमा पर्यापर्यटन पूर्वाधार विकास निम्ति नेपाल सरकारबाट प्राप्त अनुदान रकम रु ४० लाखबाट तोकिएको कार्य सम्पन्न गर्न ठेक्का बन्दोवस्त गरिएकोमा उक्त रकम भन्दा न्यून अंकमा ठेक्का कबोल भई बाँकी रकमबाट सोही स्थानमा शिवालय निर्माणका लागि रु १३ लाख मात्र विनियोजन गर्ने निर्णय गरियो ।